जलाउन मिल्ने फोहर


# जलाउन मिल्ने फोहर

**अनिवार्य रूपले पारदर्शी / अर्ध-पारदर्शी फोहर हाल्ने झोला प्रयोग गर्नुहोस्**

- कागजका टुक्रा, कुहिने फोहर (पानी राम्रोसँग निचोर्नु होला)
- कार्पेट / गलैँचा ( २ तातामी बराबर सम्म)
- सिरक तथा डसना (सानो हुने गरी पट्याएर बाँध्ने)
- रुखका हाँगा, काठ (ब्यास १० सेमी लम्बाइ ×६० सेमी भित्रको)
- डायपर (जम्मा गरि नराखीकन अलिअलि गरी फाल्ने गर्नुहोस्)
- अन्य जलाउन मिल्ने फोहर (लम्बाइ ६० सेमी सम्मको)



## काँटछाँट गरेका रूख-बिरुवाका हाँगाहरू



- रूखका हाँगा, डाँठ, जरा, काठ (लम्बाइ ६० सेमी भन्दा बढी २ मिटर भन्दा कमको बस्तु तथा धेरै परिमाणमा निस्कने अवस्थामा)

काँटछाँट गरेका हाँगाहरूलाई रिसाइकलको लागि, स्वयमले रिसाइकल व्यवसायी कहाँ लिएर जान हुन अनुरोध छ। तर, ओइज़ुमी-माची होखानि-च्यो सेइसोउ (क्लिनिङ्ग) सेन्टरमा लिएर जान मिल्दैन। रिसाइकल व्यवसायी कहाँ लिएर जाने बेलामा, अग्रिम रूपमा वातावरण व्यवस्थापन शाखा (खान्क्यो सेइबी-खा) मा सम्पर्क गर्नुहोस्।


# स्टेसनमा फाल्न नमिल्ने फोहर

## स्वयमले फोहर व्यवस्थापन केन्द्रमा लिएर जाने वस्तु

- ठूलो आकारको फोहर(६० सेमी वा सो भन्दा ठूलो सामान, १ पटकमा सानो पिकअप ट्रक एउटामा अट्ने जति मात्र)


【जस्तै】दराज, ऱ्याक जस्ता फर्निचर, तातामी, सोफा सेट, खाट आदि

- कम्प्युटर





## व्यावसायिक संस्थालाई अनुरोध गर्ने सामान

- माटो तथा रोडा, ढुङ्गा
- विभिन्न किसिमको पम्प, मोटर
- बोइलर
- कृषि उपकरण तथा औजार
- मेसिनमा हाल्ने तेल
- आगो निभाउने यन्त्र
- गाडी आदिको ब्याट्री
- अन्य तह लगाउन कठिन बस्तु



## चार प्रकारका घरायसी विद्युतीय उपकरणहरू (सूचीकृत घरायसी प्रयोजनको मेसिन तथा उपकरण जुन रिसाइकल ऐन अन्तर्गत पर्ने सामान)

टेलिभिजन (सीआरटी / पातलो)　एअर-कन्डिसन　फ्रिज / डि-फ्रिज　लुगा धुने मेसिन / कपडा सुकाउने मेसिन



【विसर्जन तरिका】

1. घरायसी विद्युतीय उपकरण बिक्री गर्ने पसललाई अनुरोध गर्ने (रिसाइकल शुल्क ＋ ढुवानी खर्च तिर्नु पर्ने)
2. विसर्जन गर्ने व्यावसायिक संस्था (नगरपालिकाद्वारा इजाजत प्राप्त संस्था) लाई अनुरोध गर्ने (रिसाइकल शुल्क ＋ ढुवानी खर्च तिर्नु पर्ने)
3. पोष्ट अफिस आदि ठाउँबाट रिसाइकल टिकट खरिद गरे पछि, तोकिएको सङ्कलन केन्द्रमा लिएर जाने (रिसाइकल शुल्क तिर्नु पर्ने)

**सबै भन्दा नजिकको तोकिएको सङ्कलन केन्द्र** Fujita Shoten, Kiryu-shi Sakaino-cho 7-1813-57, Tel:0277-43-5283

**सङ्कलन तथा व्यवस्थापन गरि दिने मुख्य व्यावसायिक संस्था (सशुल्क)**

TOMO KANKYO SERVICE ……☎0276-62-7836

- वातावरण व्यवस्थापन शाखाले पुनःप्रयोग हुने सामानलाई प्रभावकारी रूपमा प्रयोग गर्न तथा फोहरलाई न्यूनीकरण गर्ने उदेश्यले, पुराना लत्ता-कपडा, प्रयोग गरिसकेको पकाउने तेललाई सङ्कलन गरिरहेको छ।
  【पुरानो लत्ता-कपडा】कार्यालय खुल्ने दिनको बिहान ८：३० देखि साँझ ५：१५ बजे सम्ममा प्लाष्टिक झोला आदिमा राखेर लिएर आउनुहोस्)
  【प्रयोग गरिसकेको पकाउने तेल】प्रत्येक दिन बिहान ८：३० देखि साँझ ५：१५ बजे सम्ममा प्लाष्टिक बोतल आदिमा राखेर लिएर आउनुहोस्)
- थोरै परिमाणको कन्क्रिट, ब्लक ईटा, फाल्नको लागि वातावरण व्यवस्थापन शाखामा सम्पर्क गरी सल्लाह गर्नुहोस्।
- व्यावसायिक संस्थाबाट निस्कने फोहरको बारेमा, जलाउन मिल्ने फोहरलाई क्लिन प्लाजामा, जलाउन नमिल्ने फोहरलाई रिसाइकल प्लाजामा स्वयमले लिएर आउने वा, साधारण किसिमको फोहर सङ्कलन तथा ढुवानी गर्न इजाजत पाएका कम्पनीलाई अनुरोध गरेर विसर्जन गर्नुहोस्।

पुनःप्रयोग गर्न मिल्ने फोहर

# पुनःप्रयोग गर्न मिल्ने फोहरलाई वर्गीकरण गर्ने तरिका / फाल्ने तरिका

**कागज जन्य बाहेक अन्य पुनःप्रयोग गर्न मिल्ने फोहर धेरै परिमाणमा फाल्ने अवस्थामा, रिसाइकल प्लाजामा लिएर जानुहोस्**

## आल्मुनियम क्यान / स्टील क्यान (खाद्य तथा पेय प्रयोजनको मात्र)

※अनिवार्य रूपमा खालि गर्नुहोस्

हरियो रङ्गको सङ्कलन झोलामा राख्ने




क्यान डिब्बाको क्यान, मिल्क क्यान जस्ता खाद्य पदार्थको क्यान पुनःप्रयोग गर्न मिल्ने फोहरमा




स्प्रे क्यानलाई सुन्तला रङ्गको कन्टेनरमा



तेल तथा मैलो नजाने सामानलाई जलाउन नमिल्ने फोहरमा राख्ने


## प्लाष्टिक-बोतल (पेय प्रयोजनको मात्र)

※निश्चित रूपमा बिर्को / लेबल निकाली खालि गर्नुहोस्

(प्लाष्टिकबाट बनेको बिर्को / लेबललाई खरानी रङ्गको सङ्कलन झोलामा राख्ने)



नीलो रङ्गको सङ्कलन झोलामा राख्नुहोस्




मैलो नजाने बस्तुलाई जलाउन मिल्ने फोहरमा राख्ने

## अन्य प्लाष्टिक जन्य बस्तु (प्लाष्टिक ट्रे, प्याकिङ्गमा प्रयोग हुने)

※प्लाष्टिक बोतल, सेतो रङ्गको ट्रे बाहेक अन्य プラ छाप (रिसाइकल चिन्ह) भएको बस्तु

【जस्तै】स्याम्पुको बोटल, रङ्गिन तथा चित्र अङ्कित फोमबाट बनेका ट्रे, किनमेलमा प्रयोग हुने प्लास्टिकका झोला, अन्डाको प्याक, पोलिस्टिरिन, प्लास्टिक बोटलको बिर्को, लेवल, खाने तेलको बोटल आदि


खरानी रङ्गको सङ्कलन झोला




मैलो नजाने वस्तुलाई जलाउन मिल्ने फोहरमा राख्ने

## खतरनाक बस्तु

हल्का नीलो रङ्गको कन्टेनरमा राख्ने



- ट्युबलाइट / चिम
- पारो भएको थर्मामिटर

※टुटे फुटेका बस्तुलाई पारदर्शी प्लाष्टिक झोला आदिमा राखि फाल्नुहोस्

- स्प्रे क्यान / सानो ग्याँस सिलिन्डर ※प्वाल पार्नु आवश्यक छैन तर सबै प्रयोग गरेर खालि गर्नुहोस्
- प्रयोग गरिसके पछि फाल्ने लाइटर
- ब्याट्री
- लिथियम इओन ब्याट्री


※घरायसी विद्युतीय उपकरण आदिबाट निकाल्न नमिल्नेलाई त्यतिकै राखेर फाल्नुहोस्

सुन्तला रङ्गको कन्टेनरमा राख्ने



## कागजको बट्टा

- दूधको बट्टा
- रक्सीको बट्टा / जूसको बट्टा आदि





नीलो रङ्गको जालीको झोलामा राख्ने

भित्र पट्टीको भाग आल्मुनियमले टाँसेको बस्तु तथा मैलो नजाने बस्तुलाई जलाउन मिल्ने फोहरमा राख्ने

## सेतो रङ्गको ट्रे (प्याट्ट भाँचिने खालको पोलिस्ट्रीनबाट बनेका बस्तु)

सेतो रङ्गको जालीको झोलामा राख्ने



मैलो नजाने बस्तुलाई जलाउन मिल्ने फोहरमा राख्ने

## सिसाको बोतल (खाद्य तथा पेय प्रयोजनको मात्र)

※अनिवार्य रूपले बिर्को निकाल्नुका साथै भित्रको सबै खाली गर्नुहोस्

रङ्ग अनुसारको कन्टेनरमा राख्ने




सादा पारदर्शी बोतल　खैरो रङ्गको बोतल　अन्य रङ्गको बोतल

तेल तथा मैलो नजाने वस्तुलाई जलाउन नमिल्ने फोहरमा राख्ने

## पुराना समाचारपत्र/ पुराना पत्रिका / कार्ड बोर्ड / पुराना कपडा / अन्य कागज


※टाँस्ने टेप प्रयोग नगर्ने

- समाचारपत्र
- पत्र-पत्रिका / किताब आदि
- कार्ड बोर्ड
- पुराना कपडा (कपासको मात्र)



आकार अनुसार मिलाएर, कागजको डोरी आदिले प्लस＋ आकारमा बाँध्ने

- अन्य कागज (ऱ्यापिङ्ग पेपर, पम्पलेट, नोट बुक, मिठाई आदि प्याक गरेको बट्टा, कागजको झोला आदि)




पत्रिकाको बीचमा राख्ने　कागजको झोलामा हाल्ने

पत्रिकाको बीचमा हालेर, कागजी झोलामा हालेर, कागजको डोरी आदिले प्लस ＋ आकारमा बाँधेर स्टेशनमा फाल्ने　※समाचारपत्रको बीचमा केही पनि नराख्नुहोस्

मैलो नजाने बस्तु, कडा गन्ध आउने वस्तु, चाँदी रङ्गको कागज, आल्मुनियम टाँसेको वस्तु, कार्बन पेपर, थर्मल पेपर, आइरन प्रिन्ट पेपरलाई जलाउन मिल्ने फोहरमा राख्ने


# जलाउन नमिल्ने फोहर (१ किनारा ६० सेमी सम्मको सामान)

जलाउन नमिल्ने फोहर

- सिसाबाट बनेको सामान
- माटो तथा सेरामिकका भाँडाकुँडा
- सानो आकारको घरायसी विद्युतीय उपकरण
- फुटेका बोतल
- छाता
- आल्मुनियम क्यान / स्टील क्यान बाहेक अन्य धातुजन्य बस्तु
- अन्य जलाउन नमिल्ने फोहर

**अनिवार्य रूपले पारदर्शी / अर्ध-पारदर्शी फोहर हाल्ने झोला प्रयोग गर्नुहोस्**

- साइकल (जस्तो अवस्थामा छ त्यस्तै अवस्थामा फाल्न सकिने)



थप विस्तृत जानकारी, फोहरको वर्गीकरण तरिका तथा फाल्ने तरिकाको बारेमा जानकारी लिनको लागि, यहाँ




फोहर वर्गीकरण एपको लागि यहाँबाट इन्स्टल गर्न सक्नु हुन्छ

i os　Android

ओइज़ुमी-माची कार्यालय, शहर निर्माण महाशाखा, वातावरण व्यवस्थापन शाखा 0276-63-3111 (मेन लाइन)　कार्यालय खुल्ने समय： बिहान ८：३० देखि साँझ ५：१५ बजे सम्म (शनिवार, आइतवार, सार्वजनिक बिदा, नयाँ वर्षको बिदा बाहेक)

ओता-सी होखासान-च्यो क्लिन प्लाजा【जलाउन मिल्ने फोहर：सशुल्क】ओता-सी होखासान-च्यो रिसाइकल प्लाजा【पुनः प्रयोग गर्न मिल्ने फोहर：निःशुल्क, जलाउन नमिल्ने फोहर / ठूलो आकारको फोहर：सशुल्क】

0276-33-7980 सङ्कलन समय：【सोमवार देखि शुक्रबार (सार्वजनिक बिदा र बिदाको दिन बाहेक)】बिहान ८：३० देखि १२ बजे, दिउसो १ बजे देखि ४：४५ बजे सम्म /【शनिवार (सार्वजनिक बिदा र बिदाको दिन बाहेक)】बिहान ८：३० देखि १२ बजे सम्म

ओइज़ुमी-माची होखानि-च्यो सेइसोउ (क्लिनिङ्ग) सेन्टर【ठूलो आकारको फोहर (घरायसी मात्र)：निशुल्क】0276-63-1266 सङ्कलन समय：【सोमवार देखि शुक्रवार (सार्वजनिक बिदा र बिदाको दिन बाहेक), हरेक महिनाको तेस्रो शनिवार】, बिहान ९ बजे देखि ११：३० बजे सम्म, दिउसो १ बजे देखि ४ बजे सम्म)